मिति:२०८२।०५।२९

कार्यपालिका निर्णयहरू:

| क्र.स. | प्रस्तावहरू | निर्णयहरू |
|---|---|---|
| १. | शोक विदाको अनुमोदन सम्बन्धमा। | लेटाङ नगरपालिका सँग भगिनि सम्बन्ध स्थापना भएको लुम्बिनी साँस्कतिक नगरपालिकाको नगरप्रमुखको असमहिक दुखःद निधन भएकोमा मिति:२०८२।०५।१६ गते नगरप्रमुखस्तरीय निर्णय भई दिइएको शोक विदाको अनुमोदन गर्ने। |
| २. | विज्ञप्ती अनुमोदन सम्बन्धमा। | देशमा विकसित परिस्थिति र यसबाट भएको अकल्पनिय जन धनको क्षतिप्रति नगर प्रमुखस्तरीय निर्णय भई मिति:२०८२।०५।२४ गते सार्वजनिक गरिएको बिज्ञप्तीको अनुमोदन गर्ने। |
| ३ | सार्वजनिक सेवा प्रवाह सम्बन्धमा। | यस पालिकामा GEN-Z आन्दोलनको परिणाम स्वरूप मिति:२०८२।०५।२४ गते देखि ठप्प रहेको सार्वजनिक सेवा प्रवाहलाई पुनः सुचारू गर्न मातहतका सबै कार्यालयहरूलाई अनुरोध गर्ने। |
| ४ | नगरको शान्ती शुरक्षा सम्बन्धमा। | हामी नेपालीहरूको प्रमुख चाडपर्वको सम्मुखमा रहेको छौ। देशको वर्तमान अवस्थामा स्थिति सामान्य हुनेतर्फ अग्रसर रहेतापनि कारागारबाट मात्रै हजारौको संख्यामा कैदिबन्दीहरू भागेको अवस्था छ। तसर्थ यस विषम परिस्थितिमा आफ्नो घर, परिवार, टोल , वार्ड र नगरमा चोरी लगायत अप्रिय घटना घट्न नदिन क्रियाशिल राजनैतिक दल, उद्योगी व्यपारी , नागरिक समाज, टोल बिकास संस्था सम्पूर्णमा सजग र सचेत रहन अपिल गर्ने। |
| ५ | धन्यवाद ज्ञापन र प्रतिवद्धता सम्बन्धमा। | Gen-z आन्दोलनको कारण उत्पन्न विषम परिस्थितिमा पनि लेटाङ नगरपालिका र नगर क्षेत्रमा रहेका सार्वजनिक सम्पत्तीलाई सुरक्षित राख्दै आफ्नो मागहरू शान्तिपूर्णरूपमा राखि स्थिर सरकार, भ्रष्टाचारको अन्त्य र सेवा प्रवाहमा सुधानगर्न नगरपालिकालाई रचनात्मक सुझाव प्रदान गर्नुहुने नगरक्षेत्रका आन्दोलनरत पक्ष लगायत उक्त समयमा शान्ति कायम गर्न समन्वय र सहजिकरण गर्नुहुने युवा एवम् नागरिक समाजलाई धन्यवाद ज्ञापन गर्ने। आगामी दिनमा आन्दोलनरत पक्षले उठाएका उचित विषयहरू सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दै आम नागरिक र सरोकारवाला पक्ष र संघ संस्थाहरूलाई शान्ति र सद्भाभाव कायम गरिराख्न अनुरोध गर्ने साथै अराजक गतिबिधिमा प्रोत्साहन गर्ने पक्षहरूसँग सतर्क रहन समेत सबैमा अनुरोध गर्ने। |
| ६ | चाडपर्व खर्च सम्बन्धमा। | लेटाङ नगरपालिकाको सम्पूर्ण जनप्रतिनिधिहरूलाई जनप्रतिनिधिको सुबिधा सम्बन्धी प्रदेश ऐन बमोजिम रू १००००/- चाडपर्व खर्च उपलब्ध गराउने। |